# विपश्यना

साधकहरुका लागि
प्रेरणा पत्र

बुद्ध वर्ष २५४५ | आश्विन २०५८ | वर्ष १८ अङ्क ६


## धम्मवाणी

*नालागिरिं गजवरं अतिमत्तभूतं*
*दावग्गि-चक्कमसनीव सुदारूणन्तं ।*
*मेत्तम्बुसेक-विधिना जितवा मुनिन्दो,*
*तं तेजसा भवतु ते जयमङ्गलानि ॥*
*(जयमङ्गलगाथा-३)*

**दावाग्नि चक्र अथवा विजुली झैं अति नै बल्ने र एकदम बौलाएका मदमत्त नालागिरि नामको हात्तीलाई मुनिन्द्र (भगवान) ले आफ्नो मैत्री बलको प्रभावले जित्नुभयो, उनको तेज प्रतापको कारण तिम्रो जय होस् । तिम्रो मंगल होस् ।**

## सत्काय-दृष्टि भनको के हो ?

निकाय, समुच्च संग्रह अथवा एक मुष्ठलाई काय भनिन्छ । एक प्रकारको काय रूपकाय हो जुन पृथ्वी, अग्नि, जल र वायु – यी चार प्रकारका महाभुतहरूको कलाप तथा परमाणुका संग्रह अथवा समुच्चय भई बनेको छ । यो हाम्रो भौतिक काया हो । अर्को प्रकारको काय नामकाय हो । जुन विज्ञान, संज्ञा, वेदना र संस्कार यी चारका संग्रह अथवा समुच्चय हुन् । यो हाम्रो चित्त काय हो । यी दुईका समुच्चयबाट नै प्राणीको अस्तित्व हुन्छ । साधारण व्यक्ति जसले सत्य–धर्मको अनुभव गरेको छैन उसले यस सतत् परिवर्तनशील समुच्चयलाई नै स्थायी सत्वको अस्तित्व ठान्दछ । उसले यी पाँच मध्ये कुनै एकलाई 'म' र 'मेरो आत्मा' मानिराखेको हुन्छ । परिणामस्वरूप यसप्रति उपादान अर्थात् गहिरो आसक्ति उब्जाइरहेको हुन्छ । संसारमा सबभन्दा ठूलो आसक्ति 'म' र 'मेरो' को प्रति नै हुन्छ । 'म' र 'मेरो' लाई कायम राखिराख्ने जुन तृष्णा हुन्छ त्यसैबाट प्राणीले आफ्नो दु:ख जन्माइरहेको हुन्छ । जति जति म मेरो स्थापित गरिराख्ने सत्काय दृष्टि प्रगाढ हुँदै जान्छ त्यति त्यति नै दु:ख बन्धन संयोजन दृढ हुँदै जान्छ । सत्काय दृष्टि तीन प्रमुख संयोजनमध्ये एक हो ।

**तीणि संयोजनानि–सक्कायदिट्ठि, बिचिकिच्छा, सीलब्बतपरामासो।**
(दी.नि. ३.३०५, सङ्गीतिसुत्त)

– सत्काय दृष्टि, विचिकित्सा अर्थात् संदेह र शीलव्रत-परामर्श अर्थात् कुनै एउटा शील प्रति बढी आसक्ति हुनु । यी तीन संयोजन हुन् ।

यी तीनैवटाबाट मुक्त नभईकन कोही व्यक्ति अनार्यबाट आर्य बन्न सक्दैन । जब कोही व्यक्ति स्रोतापन्न अर्थात् आर्य बन्दछ तब उसका यी तीनै संयोजन नष्ट भइसकेको हुन्छ । यही उसको चिन्ह हो । स्रोतापन्न व्यक्तिले पहिलो पटक निर्वाणको साक्षात्कार गरेको हुन्छ ।

**यं किञ्चि समुदयधम्मं सब्बं तं निरोधधम्मन्ति ।**
(महाव. ६१, सारिपुत्तमोग्गलानपब्बज्जाकथ)

– जुन उत्पन्न हुने धर्म छन् ती सबै नष्ट हुने स्वभावका पनि छन् अर्थात् जुन उत्पन्न हुन्छन् ती निरोध पनि हुन्छन् ।

यस पहिलो साक्षात्कारबाट नै उसको तीनै प्रकारका संयोजनको विनाश हुन्छ ।

**सहावस्स दस्सनसम्पदाय** – (निवार्णिक) दर्शन हुनुका साथै, **तयस्सुधम्मा जहिता भवन्ति** – यी तीनैका गुण, धर्म, स्वभाव, हट्दछ ।

ती तीनवटा हुन्– **सक्कायदिट्ठी**, **विचिकिच्छितञ्च**, **सीलब्बतं वापि यदत्थि किञ्चि** – सत्काय दृष्टि, विचिकित्सा र शील-ब्रत, परामर्श ।

यस्तो व्यक्ति **चतूहपायेहि च विप्पमुत्तो** – चार अपाय गतिहरू अथवा अधोगतिबाट सर्वथा विमुक्त हुन्छ ।
(सु.नि. २३३-२३४, रतनसुत्त)

चार अपाय गति भन्नाले निरय अर्थात् नरक लोक, तिरश्चीन अर्थात् पशु, पंक्षी, घस्रनेजीव, किरा-फट्याग्रा आदिको योनी, राक्षसको योनी र प्रेत योनी । यी चार प्रकारका योनीबाट मुक्त हुन्छन् ।

देव तथा ब्रह्माहरूका लागि यी तीन संयोजनहरू मध्ये सत्काय-दृष्टिको संयोजन सबभन्दा प्रमुख हुन्छ । अन्य प्राणीहरू झैं देव-ब्रह्माहरू प्रति पनि भगवान शास्ताको असीम करूणा छ । अत: धर्म देशना दिएर उनहिरूलाई सत्कायदृष्टिको ज्ञान दिनुहुन्छ ।

**अयमेव खो, आवुसो, अरियो अट्ठङ्गिको मग्गो एतस्स सक्कायस्स परिञ्ञाय ।**
(सं.नि. २.४.३२८, सक्कायपञ्हासुत्त)

– सत्कायको परिज्ञानका लागि यही एक मात्र आर्य अष्टांगिक मार्ग छ ।

यही नै सत्काय निरोध गर्ने मार्ग हो । चारै अधोगतिबाट मुक्ति दिलाउने यही मार्ग हो । अनार्य व्यक्तिलाई आर्य बनाउने मार्ग हो ।

जबसम्म संसारमा सम्यक सम्बुद्ध जस्ता शास्ताको जन्म हुँदैन तबसम्म तथा देव-ब्रह्माहरू मध्ये कसैले पनि सत्काय दृष्टि भनेको के हो भन्न सक्ने कोही हुँदैन, सत्काय दृष्टिको उत्पत्ति कसरी



Downloaded from http://www.dhamma.digital

हुन्छ ? यसको निरोध र निरोधको उपाय बताउने त कहाँ पाऊँ। जब संसारमा सम्यक सम्बुद्धको उत्पन्न हुन्छ तब उहाँले यस्तो धर्म-देशना गर्नुहुन्छ ।

**अयं** ... **सक्कायो** – यो सत्काय हो,

**अयं** ... **सक्कायसमुदयो** – यो सत्कायको समुदय हो,

**अयं** ... **सक्कायनिरोध** – यो सत्कायको निरोध हो,

**अयं** ... **सक्कायनिरोधगामिनीपटिपदा** – यो सत्काय निरोध गामिनी प्रतिपदा हो ।

(सं.नि. २.३.१०५, सक्कायसुत्तं)

यस्तो उपदेश भगवानले केवल मनुष्यका लागि मात्र होइन देवताहरूलाई पनि दिनु भएको थियो। केवल देवलोकका देवताहरूलाई मात्र होइन रूप ब्रह्मलोकका ब्रह्माहरू अर्थात् ब्रह्मकायिक देवताहरूलाई पनि उपदेश दिनु हुन्थ्यो ।

यी जो देवगण छन्, यिनीहरूको आयुलामो छ, यिनीहरू सुन्दर छन्, प्रशंसनीय छन् र धेरै सुख भोग गर्न पाएका छन्। लामो समय देखि उच्च विमान जस्ता महलहरूमा रहँदै आएका हुन्। भगवानको धर्मदेशना सुनेर प्रायः सबैजसो डरले भयभित हुन्थे, संत्रासित हुन्थे।

यिनीहरूले सोचेकै थिएन, सुनेकै थिएन कि उनीहरू पनि मनुष्य, पशु झैं एकपटक मर्नेछन्। सत्काय दृष्टिको अधीन भएको कारणले आफूलाई अमर मानिरहेका हुन्थे। भगवानको धर्म देशना सुनेर तथ्यलाई बुझेपछि सबैजना भन्न थाल्थे कि–

**अनिच्चाव किर, भो, मयं समाना निच्चम्हांति अमञ्ञिम्ह**

– ओहो, अनित्य भएर पनि हामी आफूलाई नित्य मान्छौं।

**अद्धबाव किर, भो मयं समाना धुवम्हाति अमञ्ञिम्ह।**

– ओहो, अध्रुव भएर पनि हामी आफूलाई ध्रुव मान्छौं।

**असस्सताव किर, भो, मयं समाना सस्सतम्हाति अमञ्ञिम्ह।**

– ओहो अशाश्वत भएर पनि हामी आफूलाई शाश्वत मान्छौं।

भ्रममा रहिरहेका देव-ब्रह्माहरूले पहिले त उनीहरू अमर होइन भन्ने बुझ्नुपर्छ कि हामी पनि अनित्य छौं, अशाश्वत छौं। तब मात्र उनीहरूले बुझ्दछन् कि सत्काय दृष्टिमा परिरहेका छौं।

हामी अमर छैनौं अतः एक दिन अवश्य मृत्य हुनेछ, मृत्यपछि अपाय गतिमा पनि जन्म हुनसक्छ भन्ने बुझेकाहरूलाई सत्कायको संयोजनबाट मुक्त हुनका लागि भगवान उनीहरूलाई शील, समाधि र प्रज्ञाका अष्टांगिक मार्गको शिक्षा दिनुहुन्थ्यो। हामी एकदिन मर्ने छौं भन्ने थाहापाएर उत्पन्न भएको भय हटाउनका लागि उनीहरूलाई भगवान धर्मदेशना गर्नुहुन्थ्यो । यस अष्टाङ्गिक मार्ग अर्थात् सत्कायनिरोधगामिनी प्रतिपदामा हिंड्ने व्यक्ति विपश्यनाको अभ्यास गर्दा गर्दै आफ्ना पूर्व-संस्कारहरू नष्ट गर्न थाल्छन्, शुरूमा त अधोगति तिर लैजाने संस्कारहरूकै क्षय हुन्छन्। अधोगतितिर लैजाने कर्म संस्कारहरूको क्षय भइसकेपछि नै पहिलोपटक इन्द्रियभन्दा परको सत्यको दर्शन हुन्छ । तब साधक स्रोतापन्न अवस्था प्राप्त गर्दछ। साधक मुक्तिको स्रोतमा पर्दछ, मुक्तिको मार्गमा पर्दछ। उसको मुक्ति हुने निश्चित हुन्छ । अपाय गतिमा लाने, अधोगतिमा लाने सारा कर्म संस्कारहरू जरासम्म उखेलिएपछि जब मुक्तिको यो प्रथम अवस्था प्राप्त हुन्छ तब– **खीणं पुराणं नव नत्थि सम्भवं** – अधोगतिका पुराना कर्म संस्कार क्षीण भइसक्यो, अब नयाँ बन्ने छैन । यस प्रकार चार प्रकारका अधोगतिबाट मुक्त हुने छन्।

अपाय गतिका पुराना कर्म-संस्कार सबै सकियो र नयाँ संस्कार बनेन भने त अपाय गतिको निरोध अवश्य नै हुनेभयो । विपश्यनाको अभ्यास गर्दै गयो भने त अन्तमा अरहंत अवस्था प्राप्त गरेर सारा कर्म संस्कार क्षय गर्दछ। यस अवस्थामा त कुनै लोकमा फेरि जन्म हुने नयाँ कर्म संस्कार नै बन्दैन तब त अपाय लोकमा मात्र होइन कि सबै लोकबाट नै जन्म हुनुबाट सर्वथा मुक्त हुन्छ, भवचक्र नै छुट्दछ ।

भगवान केवल अपाय गतिबाट मात्र होइन सारा गतिबाट पूर्णतया भवमुक्त हुने मार्ग सिकाउनु हुन्छ। यस मार्गमा अघि बढ्ने व्यक्तिको पहिलो उपलब्धी स्रोतापन्न अवस्था हो, जुन ज्ञानको साक्षात्कारले अपाय गतिमा जन्म हुनुबाट मुक्त गराउँछ । तर जो व्यक्ति यस मार्गमा अघि बढेर अबसम्म स्रोतापन्न भएको छैन भने चाहे ऊ उच्च भन्दा उच्च ब्रह्मलोकमा महाब्रह्मा नै किन नहोस्, उसको आयु कल्पौंसम्म रहेतापनि कुनै समय पतन भएर अपाय गतिमा जाने सम्भावना हुन्छ । किनभने उसको अन्तर्मनमा अपाय गतिमा जान सक्ने कर्म संस्कार बाँकि रहेको हुन्छ । भगवानको उपदेश सुनेर जब आफ्नो अनित्यताका बारेमा थाहा पाउँदछ तब दीर्घायु, ब्रह्मकायिक देवता पनि भयभीत र संत्रस्त हुनु स्वाभाविक नै हो। जसले ब्रह्मलोकिय जीवनको अपार सुख भोग गरिरहेको छ र आफूलाई भवमुक्त र अजर अमर सम्झेर बसेको छ उसले आफ्नो अनित्यताको सत्य थाहापाएर आफू अमर होइन, मुक्त होइन एकदिन यो ब्राह्मी जीवन समाप्त हुनेछ र पूनर्जन्म हुनेछ भन्ने थाहापाउँदा भयभीत हुनु त स्वाभाविक नै हो। किनभने आफू भित्र संचित कुशल कर्मको फल ब्रह्मलोकमा भोगेर पूरा गरिसकेको हुन्छ अब जुन कर्म संस्कार बचेको छ त्यो त अधोगति तर्फ लैजाने मात्रै हुन्छ। यसकारण उनको नरक लोकमा अथवा पशुलोकमा अथवा प्रेत लोकमा अथवा राक्षस लोकमा जन्म हुनु त निश्चित छ । यसको चिन्तन मात्रले पनि भयभीत हुन्छ नै । परन्तु यस कटु सत्यलाई स्वीकार गर्नेहरूका लागि भगवानले आश्वासन दिनुहुँदै मुक्तिको मार्ग देखाउनु भएको छ, जसको लाभ अनेकौं देव-ब्रह्माहरूले लिएर आफ्नो कल्याण गरेका छन्। उनीहरू सत्काय दृष्टि भन्दा बाहिर आएर मुक्तिको मार्गमा अगाडि बढ्दै गए।

कोही देवता होस् या मनुष्य, जबसम्म विपश्यनाद्वारा आफ्नो सत्यको बारेमा अनुभव गर्दैन, तबसम्म यस रूप-स्कन्ध मध्ये विज्ञान, संज्ञा, वेदना अथवा संस्कार मध्ये एउटालाई म, मेरो र मेरो आत्मा



Downloaded from http://www.dhamma.digital

भनेर सत्काय दृष्टिमा अल्झिरहन्छ । शील पालन तथा समाधिको अभ्यास गरेर प्रज्ञाद्वारा जब यी पाँचै स्कन्धलाई अलग अलग गरेर आफैले हेर्न थाल्छ तब त्यसको अनित्य, दु:ख र अनात्म स्वभावलाई अनुभवद्वारा थाहापाउँदछ । उसको लागि यो कुनै सम्प्रदायको दार्शनीक मान्यता मात्र नभएर स्वयंले अनुभव गरेको सम्यक दर्शन हुनेछ । यस्तो व्यक्ति यी पाँच स्कन्धलाई आत्मा मानेर अथवा यसमा लुकिराखेको कुनै वस्तुलाई आत्माको अस्तित्व मानेर त्यसैमा अल्झिरहँदैन । विपश्यना गर्दै जाँदा जब यी पाँच सकन्ध भन्दा पनि पर नाम-रूपको निर्वाणिक अवस्थाको साक्षात्कार हुन्छ, तब झन स्पष्ट हुन्छ कि नामरूपको क्षेत्रमा मात्र होइन त्यसभन्दा परको क्षेत्रमा पनि कुनै नित्य, शास्वत र ध्रुव आत्माको अस्तित्व छैन । निर्वाण यति अनन्त छ जहाँ कोही व्यक्तिको अस्तित्व छैन । अत: सत्काय-दृष्टिको आत्मा न नाम-रूपको क्षेत्रमा छ न निर्वानिक अवस्थाको क्षेत्रमा; विपश्यनाद्वारा यो स्पष्ट हुन्छ ।

**सब्बे धम्मा अनत्ताति** – सारा अवस्था अनात्म छ ।

**यदा पञ्ञाय पस्सति** – जब यस सत्यलाई विपश्यनाको प्रज्ञाद्वारा हेर्दछ ।

(ध.प. २७९, मग्गवग्ग)

अर्थात् जब स्वयंले अनुभव गर्न थाल्छ तब सत्काय दृष्टि स्वत: छुट्छ । केवल दार्शनिक मान्यताको स्तरमा मात्र होइन, वास्तविकताको स्तरमा नै अत्यन्त स्पष्ट हुन थाल्छ कि – **यथा हि अङ्गसम्भारा, होतिसद्धो रथो इति ।**

जस्तो विभिन्न पार्ट पूर्जा जोडेर बनेको वस्तुलाई 'रथ' शब्द प्रयोग गर्दछ ।

**एवं खन्धेसु सन्तेसु, होति सत्तोति सम्मुति ॥**

(सं.नि. १.१.१७१. वजिरासुत्त)

त्यस्तै नै (पाँच) स्कन्धहरू जोडिनाले सत्व (प्राणी) शब्द व्यवहारमा आएको छ ।

जबसम्म यो सत्यको अनुभूति हुँदैन तबसम्म प्राणी भवचक्र मा नै परिरहन्छ, बाहिर निस्किन नै सक्दैन । जस्तो कुनै गाईलाई गाडिएको कीलोमा बाँडिएको छ भने त्यो गाई डोरीले भ्याएसम्मको ठाउँमा त हिंड्-डुल गर्छ, उठे पनि त्यही कीलोको वरिपरी, बसे पनि त्यही कीलोको वरिपरी । डोरीले भ्याएसम्मको क्षेत्र नै उसको लागि सीमित हुन्छ । त्यस्तै कोही व्यक्ति नाम रूमको कीलोमा बाँडिएको छ भने ऊ यी पाँच स्कन्धले निर्मित क्षेत्र **एतं मम्, एसोहमस्मि, एसो मे अत्ता** (सं.नि. २.३.१००, दुतियगद्दुलबृदसुत्त) अर्थात् 'यो मेरो हो', 'यो म हूँ' र 'यो मेरो आत्मा हो' भनेर मानिरहन्छ । आत्मालाई नाम-रूपवान अथवा नाम रूपमा आत्मा छ अथवा आत्मामा नाम-रूप छ भनेर मानिरहन्छ । अर्को शब्दमा भन्ने हो भने नाम-रूपको कीलोको वरिपरी मात्रै घुमिरहन्छ, यसको वरिपरी हिंड्छ, बस्छ, घुम्छ, सुत्छ, खान्छ ।

रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानको कीलोको वरिपरी दौड्छ र घुम्छ ।

रूप, वेदना, संज्ञा, संस्कार र विज्ञानबाट पनि मुक्त हुँदैन, न जन्म हुनुबाट मुक्त हुन्छ न मृत्यु हुनुबाट मुक्त हुन्छ, न शोक र विलापबाट न दु:ख र दौर्मनस्य तथा संतापबाट नै मुक्त हुन्छ । त्यो प्राणी दु:खबाट मुक्त हुँदैन । शास्ता को यो गहन उपदेशलाई जुन देव-ब्राह्मणले बुझ्दछ उसले भन्छ कि मैले पहिलादेखि म नित्य छुँ शाश्वत छुँ भनेको कुरा अब गलत सावित भयो ।

(साभार: त्रिपिटक में सम्यक सम्बुद्ध, भाग-२) **मंगल मित्र** स.ना.गो.

## केही उपयोगी उपदेशहरु

हेर्दा जतिसुकै रमणीय र मनमोहक भए तापनि सबै स्थान ध्यान गर्न उपयुक्त नै हुन्छ भन्ने छैन । कुनै ठाउँमा ध्यान गर्दा मनमा विभिन्न विर्तक-विचार, संकल्प-विकल्प आउन सक्छ । काम तृष्णाको भाव, द्वेष दौर्मनस्य, घृणा, लोभ, क्रोध-मोह आउन सक्छ । तर आफ्नो मार्गदर्शकको सामू ध्यान-भावना गर्दा मन शान्त, स्थिर, सजग, सचेत र विमल विशुद्ध हुन्छ । भगवानले भिक्षु मेघियलाई दिनुभएको उपदेश चित्त विमुक्तिमा अघि बढ्दै गएका अपरिपक्व साधकहरूका लागि निकै प्रेरणादायी छ ।

१) कुनै अनुभवी कल्याणमित्रको सानिध्यमा अथवा मार्गदर्शन हुनुपर्छ ।

२) शील-पालन गरेको हुनुपर्छ । सानोभन्दा सानो शील भंग भएपनि त्यसको अनर्थ मान्नुपर्छ । शील साधनाको आधरशीला हो । जग हो । शील परिपक्व नभईकन कोही साधक साधनामा परिपक्व हुनसक्दैन ।

३) चित्तको मैलो हटाउने विषयमा, विषयबाट विरक्त विकर्षण हुने, दु:खको नितान्त निरोध गर्ने, विकारको पूरा उपशमन गर्ने यस्ता धमचर्चा सुन्नुपर्छ । अल्पेच्छ कथा, संतुष्टि कथा, विवेक कथा, नि:संग कथा, पुरुषार्थ कथा, शील कथा, समाधि कथा, प्रज्ञा कथा र ज्ञान दर्शन अनावरणीय कथा सुन्नुपर्छ । जुन धर्म कथाबाट मार्गदर्शन, प्रेरणा र उत्साह पाइन्छ, जसबाट आशंका-विशंका हट्छ, मन स्थिर हुन्छ, श्रद्धा बढ्छ, र अपवित्रता, पीडा र विकलताहरूबाट मुक्ति पाएर विरज विमल हुन्छ त्यस्तो कथा सुन्नुपर्छ ।

४) साधकले दृढ पुरुषार्थ गुर्नपर्छ । पुरुषार्थ अकुशलबाट बचेर कुशल कुशल कार्य सम्पन्न गर्नमा हुनुपर्छ । साधना गर्न आफ्नो कल्याणमित्रबाट जुन विधि अथवा मार्गदर्शन पाएको हो त्यसको अभ्यासमा स्थिर हुनुपर्छ । चित्त बिशुद्धिको अन्तिम लक्ष्य प्राप्त नहोउञ्जेलसम्म आफ्नो स्वेच्छाले धारण गरेको यस अभ्यासलाई



Downloaded from http://www.dhamma.digital

संधै आफ्नो साथमा राख्नुपर्छ । दृढ पराक्रममा संलग्न रहनु, स्थित रहनुपर्छ ।

५) आफूले सुनेको श्रुत-प्रज्ञा अथवा तर्क-वितर्कद्वारा प्राप्त चिन्तन ज्ञान त्यहींसम्म मात्र सीमित नराखी स्वानुभूतिजन्य भावनामयी प्रज्ञा जगाउनुपर्छ । यस्तो कुशाग्र र तीक्ष्ण प्रज्ञाद्वारा नै स्थूल शरीर स्कन्ध र स्थूल चित्त-स्कन्धलाई टुक्रा-टुक्रा गरेर सूक्ष्म सत्य दर्शन गर्न सकिन्छ । क्षण-क्षण उदय ब्यय हुने सूक्ष्म सत्यको दर्शन हुने प्रज्ञाले यस्तो दीयो जलोस् जुन प्रकाशमा अज्ञानका सारा आवरण हटोस् र दुःख क्षय रूपी निर्वाणको स्वतः साक्षात्कार होस् ।

साधकले आफ्नो कल्याणमित्रको सहयोग स्वीकार गरेर माथि उल्लेखित प्रकारले अभ्यास गरी आफ्नो कल्याण गर्नुपर्दछ । भगवानले अगाडि भन्नुभयो– जब-जब चित्तधारामा राग जाग्छ, तब-तब द्वेष उत्पन्न हुन्छ तब मंगल मैत्रीको, जब-जब विचार वितर्क जाग्छ तब आनापान सति अर्थात् आश्वान-प्रश्वासको प्रति जागरूकताको र जब-जब अहंकार जाग्छ तब-तब अनित्यको भावना गर्नुपर्छ ।

## धम्म जननीमा शिविर

आगामी पौष १, २०५८ मा धम्म जननीमा पहिलो पटक दश दिवशीय शिविरको सञ्चालन हुँदैछ । धम्म जननीको आयोजनामा अहिलेसम्म पाँचवटा शिविर सञ्चालन भइसकेका छन्, पौष महिनामा धम्म जननी केन्द्रमा नै शिविर राख्ने निर्णय गरिएको छ । यसको तयारीका लागि धम्महल, निवास गृह आदिको निर्माण तल्लीनताका साथ भइरहेको छ, यस पूण्य कार्यमा इच्छुक साधक-साधिकाहरूले धर्मदान गर्न सकिनेछ । यसको लागि ज्योति भवनमा सम्पर्क राख्नुहोला ।

## धर्म गाथा

### हिन्दी

भिन्न मतों की मान्यता, दर्शन के सिद्धान्त ।<br>
धर्म छुटा उलझन बढी, सभी हो गये भ्रांत ॥

करे दार्शनिक कल्पना, करे वितर्क विचार ।<br>
यह सम्यक दर्शन नहीं, यह न साक्षात्कार ॥

मोहक लगे मरीचिका, लगे कल्पना कांत ।<br>
सम्यक दर्शन ज्ञान से, रहे विमुख विभ्रांत ॥

कर ली झूठी कल्पना, माया से भरपूर ।<br>
मिथ्या दर्शन ही मिला, सम्यक दर्शन दूर ॥

दर्शन मिथ्या ही रहा, हुआ न साक्षात्कार ।<br>
कोरे चिन्तन मनन का, चढ़ा शीर पर भार ॥

दर्शन मत में उलझ कर, हुआ मनुज उद्भ्रांत ।<br>
धर्म न धारण कर सका, कैसे होवे शान्त ॥

### हिन्दी

आओ लोगों विश्व के, धारें धर्म महान ।<br>
शील समाधि निधान हो, होवें प्रज्ञावान ॥

आओ मानव मानवी, चलें धर्म के पंथ ।<br>
इस पथ चलते सत्पुरुष, इस पथ चलते संत ॥

धर्म-पंथ ही शान्ति-पथ, धर्म-पंथ सुख-पंथ ।<br>
जिसने पाया धर्म-पथ, मंगल मिला अनन्त ॥

पन्थ दिखाया बुद्ध ने, चलना अपना काम ।<br>
चलते चलते आप ही, मिटते दुःख तमाम ॥

धन्य धरम ऐसा मिला, मिली रतन की खान ।<br>
दुःख दारिद सब मिट गये, तन मन पुलकित प्राण ॥

कुशल कर्म संचित करें, करें न पाप लवलेश ।<br>
मन निर्मल करते रहें, यही धरम उपदेश ॥

**मंगल कामना सहित**<br>
**भाजुरत्न फर्मा**<br>
बिरगञ्ज ।

*सम्पादक :* रोशनी शाक्य, *प्रकाशक :* नेपाल विपश्यना केन्द्र, धर्मश्रृङ्ग, बुढानीलकण्ठ, काठमाडौं । फोन : ३७१६५५, ३७१००७ *आश्विन २०५८*

*सम्पर्क स्थान :* श्री रूप ज्योति, ज्योति भवन, पो. ब. नं. १२८९६, काठमाडौं । फोन : २-२५४९०, २-२३९६८, २-४८९४९, २-५०५८१

*मुद्रक :* न्यू नेपाल प्रेस, प्रधान कार्यालय फोन : ४३४ ८५०, ४३४ ७५३; शाखा कार्यालय फोन : २५ ९० ३२, २५९४५०, फ्याक्स : (+९७७-१) २५८६७८

जि.प्र.का.द.नं. ३८/५१/५२

साधकको नाम : ..............................................

ठेगाना : ..............................................

..............................................

..............................................

● आजीवन शुल्क रू. ४००/-<br>
● वार्षिक शुल्क रू. २५/-



Downloaded from http://www.dhamma.digital